## मिति २०७९ साल असोज ८ गतेको गाउँ कार्यपालिकाको निर्णय

**प्रस्तावहरुः**

१. वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा
२. आर्थिक सहायता वितरण सम्बन्धमा
३. आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ मा संशोधन सम्बन्धमा
४. विविध

**निर्णयहरुः**

**निर्णय नं १.** प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँ पालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनमा उल्लेख भएका व्यक्तिहरुको प्राकृतिक विपदबाट घर गोठ तथा सम्पत्तिमा पुगेको क्षतिको लागि राहत स्वरुप प्रतिवेदनमा उल्लेखित दरमा आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २.** प्रस्ताव नं २ माथि छलफल गर्दा स्वास्थ्य उपचारको लागि गाउँपालिकामा पेश भएको निवेदनहरुको अध्ययन गरी रोग पहिचान गरी औषधी उपचार खर्च / आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३.** प्रस्ताव नं ३ माथि छलफल गर्दा स्थानीय तहमा कार्यारत कर्मचारीहरुको आनतरिक पर्यटन कार्यक्रम सञ्चालन निर्देशिका २०७८ को दफा ९ मा भएको व्यवस्थामा दैनिक पन्ध्र सयको दरले भन्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ४.** प्रस्ताव नं ४ विविध प्रस्ताव माथि छलफल गर्दा विविध खर्च शिर्षकमा रकमान्तर गरी खर्च लेख्ने गरी स्थानीय प्रहरी चौकीहरुमा बडा दशैं २०७९ को उपलक्षमा मौलो पुजाको लागि तपसिल बमोजिम पुजा खर्च प्रदान गर्ने नियर्ण गरियो ।

<u>तपसिलः</u>

| सि.नं. | प्रहरी चौकी | रकम | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | २०,०००।- | मौलो पुजा खर्च |
| २ | प्रहरी चौकी यसम | १५,०००।- | |
| ३ | प्रहरी चौकी गाम्नाङ्गटार | १५,०००।- | |
| ४ | सशस्त्र प्रहरी बेस घोराखोरी | १५,०००।- | |
| ५ | प्रहरी चौकी साँघुटार | १५,०००।- | |
| ६ | प्रहरी चौकी सिरिसे | १५,०००।- | |
| ७ | प्रहरी चौकी घोराखोरी | १५,०००।- | |
| ८ | पालिका प्रहरी चौकी यसम | १५,०००।- | |

**निर्णय नं ४ क.** प्रस्ताव नं ४ विविध प्रसताव माथि छलफल गर्दा विविध खर्च शिर्षकमा रकमान्तर गरी खर्च लेख्ने गरी खेलकुद प्रवर्धनको लागि पालिका भित्रका खेलाडीहरुलाई १८० जोर खेल जर्सि पालिकाले खरिद १ वडा २० जोरका दरले सबै वडा कार्यालयलाई हसतान्तरण गर्ने नियर्ण गरियो ।